## जनकपुरधाम उपमहानगरपालिकाको सम्मानित दशौँ नगर सभामा २०८० साल आषाढ ८ गते उपमहानगरपालिका प्रमुख श्री मनोज कुमार साह ज्यूले प्रस्तुत गर्नुभएको

# आर्थिक वर्ष २०८०/ ८१ को नीति तथा कार्यक्रम

जनकपुरधाम उपमहानगरपालिका

२०८०

**जनकपुरधाम उपमहानगरपालिकाको दशौँ नगर सभाको समुद्घाटन समारोहमा नगर प्रमुख श्री मनोज कुमार साह ज्यूद्वारा प्रस्तुत आर्थिक वर्ष २०८०/८१ को**

**नीति तथा कार्यक्रम**

विशिष्ट अतिथी माननीय प्रदेश सभा सदस्यज्यूहरु,

प्रमुख जिल्ला अधिकारीज्यू,

प्रदेश सभा सचिवज्यू,

उपप्रमुखज्यू,

प्रमुख प्रशासकीय अधिकृतज्यू, वडा अध्यक्षज्यूहरु, कार्यपालिका सदस्यज्यूहरु, नगरसभाका सदस्यज्यूहरु, सञ्चारकर्मी, राष्ट्रसेवक कर्मचारी लगायत उपस्थित सम्पूर्ण महानुभावहरु !

अव म यस सम्मानित बैठकमा चालु आर्थिक वर्ष २०७९/८० को नीति तथा कार्यक्रमको प्रगतिको सारसंक्षेप प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

१. आफ्नो भवन नभएको वडा नं. १३ को नयाँ भवन निर्माण हुनुका साथै वडा नं. १, २, ३, ५ र ९ का वडा कार्यालयहरुको भवन थप निर्माण कार्य सम्पन्न भै सेवा सञ्चालन शुरु भएको छ ।

२. जनकपुरधाम उपमहानगरपालिका जनप्रतिनिधी र कर्मचारीहरलाई क्षमता तथा सिप विकास तालिम र अवलोकन भ्रमणलाई सुरुवात दिईएको छ । चालू आर्थिक वर्षमा १३५ जनप्रतिनिधिहरु र १५० जना कर्मचारीहरुलाई विषयगत तथा क्षेत्रगत तालिम प्रदान गरिएको छ ।

३. उपमहानगरपालिका क्षेत्रभित्र सञ्चालित परियोजनाहरुको अनुगमनलाई प्रभावकारी बनाई विकास निर्माणलाई गुणस्तरीय बनाउने कार्यमा सुधार भएको छ ।

४. जनकपुरधाम उपमहानगरपालिका क्षेत्रभित्र रहेको भूमी वर्गीकरण गरी मधेश प्रदेशको पहिलो कित्ताकाट गर्ने स्थानीय तह कायम भएको छ ।

५. फुटपाथ व्यवसायीहरुलाई निश्चित ठाँउ तोकी सोही ठाँउमा बजार गर्न प्रोत्साहित गर्न गोपाल धर्मशाला संग जग्गा लिजमा लिएको छ ।

६. सवारी साधन पार्किङ्ग स्थल निर्माण कार्य अगाडी बढाइएको छ ।

७. दिर्घीकासर पोखरीको सौन्दर्यीकरण तथा व्यवस्थापन कार्य अन्तिम चरणमा रहेको छ।

८. विधुतिय शासन प्रणालीलाई थप व्यवस्थित तुल्याउन धनुषा जिल्लामा पहिलो स्थानीय तहको रुपमा Electronic Fund Transfer (EFT) तथा पूर्ण रुपमा ई-हाजीरी लागु गरिएको छ।

९. यस उपमहानरपालिकामा सेवा प्राप्त गर्न आउने सेवाग्राहीलाई बस्ने स्थानको व्यवस्थापन गरिएको छ।

१०. विपद् प्रतिकार्य योजना अनुरुप बारुण यन्त्र खरिद गरिएको छ।

११. सरसफाईलाई व्यवस्थित बनाउनको लागि १० थान थप ट्र्याक्टर खरिद गरिएको छ।

**उपस्थित नगर सभाका सदस्यज्यूहरु,**

१२. **'सफा, स्वच्छ, सुन्दर र सु-संस्कृत जनकपुरधाम उपमहानगर'** बनाउने सोचसहित अघि बढेको जनकपुरधाम उपमहानगरपालिकाले अहिलेसम्म नौ वटा नगर सभा सम्पन्न गरिसकेको छ। यस दशौँ गरिमामय नगरसभा समक्ष उपमहानगरपालिकाको आर्थिक वर्ष २०८०/८१ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा खुसीको अनुभूति गरेको छु।

१३. प्राचीन मिथिलाको तथा हाल मधेश प्रदेशको राजधानी जगत जननी माँ जानकीको पवित्र नगरी ज्ञान मीमांशा शास्त्रार्थको पवित्र स्थल हो। यो देवभूमिमा आफुलाई प्रस्तुत गर्न पाउँदा अन्तरहृदयले यहाँका माटो, प्रकृति प्रति सम्मान व्यक्त गर्न चाहन्छु।

१४. यो सरकार निर्वाचित भएर एक वर्ष देखि क्रियाशील हुँदै आईरहेको छ। यसै वर्ष संघीयताको मर्म अनुरुप सरकारका माथिल्ला तह संघ तथा प्रदेशको समेत निर्वाचन समपन्न भई नयाँ सरकार गठन भई संघीयता थप प्रभावकारी हुँदै गएकोमा सम्पूर्णमा हार्दिक बधाई ज्ञापन गर्दै आगामी कार्यकालको शुभकामना समेत व्यक्त गर्न चाहन्छु।

१५. अहिले सबैतिरका स्थानीय सरकारहरु संविधान प्रदत अधिकारको प्रयोग गरी सेवालाई उच्चतम बिन्दुमा पुर्याउन तल्लीन छन्। नागरिकका अधिकार संरक्षण तथा प्रवर्द्धन गर्न अघि बढिरहेको यस अवसरमा संघीय लोकतान्त्रिक गणतन्त्र प्राप्तिका लागि भएका सबै आन्दोलनहरुमा आफ्नो जीवन अर्पण गर्नुहुने सम्पूर्ण ज्ञात-अज्ञात अमर शहीदहरु प्रति भावपूर्ण श्रद्धान्जलि अर्पण गर्दछु।

१६. संघ, प्रदेश र स्थानीय सरकार सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्त अनुरुप एक तहले अर्को तहलाई सघाएपछि मात्र देशले अपेक्षित उपलब्धि हासिल गर्न सकिन्छ। सो कार्यको लागि जनकपुरधाम उपमहानगरपालिका संघ तथा प्रदेश सरकारसंग सहकार्य गर्न सदा तत्पर रहेको व्यहोरा सम्मानीत सभा समक्ष निवेदन गर्न चाहन्छु।

१७. मधेश प्रदेशको राजधानी समेत जनकपुरधाम घोषणा भएपछि प्रशासनिक क्षेत्रहरुलाई विचार गर्दा जनतालाई सेवाप्रवाह गर्नका लागि तिनै तहको प्रशासनिक निकाय यहाँ सेवा तथा विकास गरिरहेका छन्। जनतालाई सुशासनको दिन प्रशासन यन्त्र चुस्तदुरुस्त भएको अनुभूति हुनु आवश्यक छ। जनकपुरधाम उपमहानगरपालिकाले आ.व. २०७८/७९ को स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन Local Government Institutional Capacity Self-Assessment (LISA) मूल्याङ्कनमा ८९ मधेश प्रदेशको पहिलो तथा स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्याङ्कन Fiduciary Risk Assessment (FRA) मूल्याङ्कनमा ७६ मधेश प्रदेशको दोस्रो रहनुले शासनमा सुधारको अवस्था दर्शाएको छ।

१८. महालेखा परिक्षकको प्रतिवेदन अनुसार आ.व. २०७८/७९ को बेरुजु ३.०१% मात्र रहेको छ । जुन आफैंमा सुशासनको मापकको रुपमा बुझ्न सकिन्छ।

१९. स्वच्छ र सफा जनकपुरधाम बनाउने, स्थानीय जनताको हित र स्वाभिमान प्रवर्द्धन गर्ने, विकास प्रशासन सबल तुल्याउने उद्देश्य राखी आर्थिक वर्ष २०८०/८१ मा जनकपुरधाम नगरलाई मधेश प्रदेशको राजधानी सुहाउँदो बन्न चाहिने सबै किसिमका पूर्वाधार विकास गर्ने अठोटका साथ यो नीति तथा कार्यक्रम ल्याइएको छ।

**उपस्थित नगर सभाका सदस्यज्यूहरु,**

अब म आगामी आर्थिक वर्ष २०८०/८१ को लागि प्रस्तावित विषयगत नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्ने अनुमति चाहन्छु। उपमहानगरपालिकाको विकास निर्माणलाई थप व्यवस्थित तुल्याउन संघीय तथा प्रादेशिक आवधिक योजना, मध्यमकालिन खर्च संरचना तथा नीति तथा कार्यक्रमलाई आधार मानी यस उपमहानगरपालिकाको समेत आवधिक योजना, मध्यमकालिन खर्च संरचना तयार गरिनेछ। यस वर्गको नीति तथा कार्यक्रम गत वर्ष झै फोहोरमैलाको प्रभावकारी व्यवस्थापन, पर्यटकीय पूर्वाधार, सूचना प्रविधि, आन्तरिक राजस्व सुधार तथा भाषा संस्कृति विकास, शैक्षिक

क्षेत्र सुधार, स्वास्थ्य क्षेत्र प्रवर्द्धन, कृषि क्षेत्रको व्यवसायीकरण तथा ग्रामीण क्षेत्रहरुमा पूर्वाधार विकास उपमहानगरको प्राथमिकतामा रहेका छन् ।

## आर्थिक

### कृषि, पशुपंक्षी तथा सिंचाइ

२०. सडकमा खुला रूपमा विचरण गर्ने छाडा चौपायाहरुको उचित व्यवस्थापनका लागि एक वडा नं. १२ मा पहिलो चरणको गौशाला निर्माण समपन्न भएको छ । सोको सञ्चालन २०८० श्रावण १ बाट हुनेछ ।

२१. सामूहिक, व्यावसायिक खेतीलाई प्रोत्साहन गर्दै बजार सुनिश्चित गरिनेछ । सोको लागि सार्वजनिक निजि साझेदारीमा एक वैज्ञानिक तथा व्यवसायिक अत्याधुनिक व्यवसायिक कृषि बजार सञ्चालन गरिनेछ । सार्वजनिक निजि साझेदारीमा जनकपुरधाम उपमहानगरपालिकामा एउटा शीतगृह, कृषि भण्डारण र वितरण केन्द्र स्थापना गरी किसानको उत्पादनलाई बजारीकरण गरिनेछ । **"एक टोल एक सामूहिक कृषि उत्पादन, उत्पादन क्षेत्र"** नीतिमार्फत आत्मनिर्भर स्थानीय अर्थतन्त्रको निर्माण गरिनेछ ।

२२. युवालक्षित सहकारी र सामुदायिक खेती प्रणालीमा प्रोत्साहित खेती गरिनेछ ।

२३. साना किसानहरुलाई सिँचाइका लागि निःशुल्क वाटरपम्प तथा ट्यूबेल वितरणमा नेपाल विद्युत प्राधिकरण संग सहकार्य गरिनेछ ।

२४. कृषि, पशुपन्छी तथा वनक्षेत्रको उत्पादन तथा उत्पादकत्व अभिवृद्धि गर्न बाँझो जमिन तथा नदी उकास जग्गाको समेत उचित उपयोग हुने खालका कृषि-वन कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

**२५.** कृषिमा उत्पादकत्व बढाउन '**कृषि यान्त्रिकीकरण**' अपरिहार्य छ । यसका लागि निजी क्षेत्रसंग सहकार्य गरी कृषकले चाहेको बेलामा कृषि यन्त्र उपकरण उपलब्ध गराउन एक **'कस्टम हायरिंग केन्द्र'** स्थापना गरिनेछ । यस केन्द्रबाट कृषकले ठूलासाना कृषि यन्त्रहरु भाडामा लैजान पाउनेछन् ।

**२६.** कृषि यन्त्र खरीद गर्दा सहलगानी दिने नीति लिइनेछ ।

**२७.** जनकपुरधाममा एक कृषि उपज बजार फलफूल, शीत भण्डार तथा विषादी परीक्षण प्रयोगशाला स्थापना गर्न नेपाल सरकार संग सहकार्य गरिनेछ ।

२८. कृषि उपजहरुलाई सहज रूपमा बजारसम्म पुऱ्याउनका लागि कृषि क्षेत्रसम्म पुग्ने पूर्वाधारहरुको विस्तार गरिनेछ। स्थानीय कृषि उत्पादनको व्यवस्थित बजारीकरणका लागि उपमहानगरभित्रका सबै हाटबजारहरुको थप व्यवस्थापन गरिनेछ।

२९. कृषियोग्य भूमिको पूर्ण उपयोग सुनिश्चित गर्न उपमहानगरभित्र रहेका कुनैपनि कृषियोग्य जमिन बाँझो राख्न दिइने छैन।

३०. उपमहानगरको भूमिको स्पष्ट वर्गीकरण गरी कृषि तथा गैर कृषि भूमि छुट्टयाइनेछ। यसका लागि एक विज्ञ समूह परिचालन गरिनेछ। कृषि भूमिमा कुनै गैर-कृषि कार्य तथा संरचना निर्माण गर्न बन्देज लगाइनेछ।

३१. सिंचाई गर्न ट्यूबवेल तथा पम्पसेट खरीदका लागि अनुदान दिइनेछ।

३२. कृषि चुन तथा माटो सुधारका लागि अनुदानको व्यवस्था गरिनेछ।

३३. उपमहानगरका भित्रका क्षेत्रगत उत्कृष्ट किसानहरुलाई पहिचान गरी पुरस्कृत गरिनेछ।

३४. **'एक वडा एक उत्पादन'** कार्यक्रम संचालन गरी कृषि उत्पादन अभिवृद्धि कार्यक्रमलाई निरन्तरता दिइनेछ।

३५. पशुजन्य पदार्थहरूको उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्न उत्पादन लागत न्यूनीकरणका प्रविधिहरूको उपयोग, फार्म सुधार र यान्त्रिकीकरणलाई जोड दिइनुका साथै पशुहरूको नश्ल सुधारका कार्य गरिनेछ।

३६. **'एक वडा एक पशु फर्म'** आधुनिकीकरण कार्यक्रम लागू गरिनेछ।

३७. कम्तिमा २५ वटा सम्म बाख्रापालन/गाइपालन/भैंसीपालनको प्रस्ताव लिएर आउने पशुपालक समूहलाई प्रोत्साहन दिने कार्यक्रम ल्याइनेछ।

३८. पशुजन्य खाद्य पदार्थहरुको गुणस्तरीय उत्पादन, प्रशोधन, विविधिकरण र बजारीकरणलाई प्राथमिकता दिंदै विषयगत शाखा र सेवा केन्द्रहरुमा रोग निदानका लागि सेवा विस्तार गरिनेछ।

## उद्योग, व्यापार तथा व्यवसाय

३९. तारे होटेल तथा रिसोर्ट सञ्चालन गर्न आउने व्यवसायीलाई सहजीकरण गरिनेछ। सार्वजनिक निजी साझेदारीमा सहकार्य तथा सहजीकरण गर्न एक सार्वजनिक निजी साझेदारी केन्द्र स्थापना गरी व्यवसायीलाई आकर्षक गरिनेछ।

४०. 5 Star & 4 Star Hotel लाई यस उपमाहनरपालिका भित्र लगानी गर्न प्रोत्साहन गर्ने वातावरण तयार गरिनेछ।

४१. व्यापार व्यवसायलाई प्रोत्साहन गर्न निजी क्षेत संग सहकार्य गरी संध्याकालिन बजार सञ्चालनमा ल्याइनेछ। सो संध्याकालिन बजारमा स्थानीय उत्पादन तथा सेवालाई प्रवर्द्धन गरिनेछ।

४२. वनको प्रवर्द्धनका लागि लागत साझेदारीमा कार्यक्रम सञ्चालन गरिनेछ।

४३. घरेलु उद्योगका उत्पादन बिक्रीका लागि प्रदर्शनीस्थल सहित बिक्री केन्द्र सञ्चालनमा ल्याइनेछ।

४४. उपभोक्ताको हित संरक्षण गरिनेछ। सबै प्रकारका सिण्डिकेट र कार्टेलिङ्गको अन्त्य गरी व्यापारिक कारोबारमा नैतिकता, स्वच्छता, प्रतिस्पर्धा र अनुशासन कायम गरिनेछ। बजार अनुगमनलाई थप प्रभावकारी बनाई मूल्य र गुणस्तरमा उपभोक्ता नठगिने वातावरण सुनिश्चित गरिनेछ।

४५. औद्योगिक वातावरणलाई लगानीमैत्री तथा प्रतिस्पर्धी बनाई औद्योगिक वस्तुको उत्पादन र रोजगारीका अवसरमा अभिवृद्धि गर्ने नीति लिइनेछ। साना तथा मझौला उद्योगहरुको संरक्षण र विकास गर्दै स्थानीय क्षेत्रमा रोजगारी अभिवृद्धि गर्न संभावित वडाहरु पहिचान गरी साना मझौला तथा लघु उद्योग ग्राम स्थापना गर्ने नीति लिइनेछ।

४६. स्थानीय स्रोत र कच्चा पदार्थ, सीप, श्रम र प्रविधिको उपयोग गर्ने गरी उद्योगको प्रवर्द्धन गर्न विशेष जोड दिइनेछ।

**पर्यटन तथा संस्कृति**

४७. विदेशी पर्यटकलाई जनकपुरधाम निमन्त्रण गर्ने उद्देश्यले Diplomatic छठ लगायतको कार्यक्रम आयोजना गरिनेछ।

४८. जनकपुरधामको प्रचार प्रसार गर्न भारतको विभिन्न शहरमा “जानकी Festival” आयोजना गरिनेछ।

४९. मिथिला माध्यमीकी परिक्रमा क्षेत्रभित्रको धार्मिक, ऐतिहासिक र पुरातात्विक महत्वका मठ मन्दिर, पोखरी र स्थलहरुको सुरक्षा, सम्भार तथा ती क्षेत्रको सामाजिक, आर्थिक र सांस्कृतिक पूर्वाधारहरु विकास सम्बन्धमा अन्तर स्थानीय तह, प्रादेशिक र संघीय समन्वय र सहकार्यको लागि मिथिला " माध्यमिकी परिक्मा पालिका सञ्जाल (Mithila Circuit Municipality Network)" गठन गर्ने र सोको नेतृत्व सम्बन्धित स्थानीय तहको प्रमुखले गर्ने।

५०. पूर्वाधार विकासका लागि सम्भव भए सम्म बढि भन्दा बढि रकम विनियोजन गर्ने र पूरबाधारको लागि शौचालय, स्नानगृह र खानेपानीको संरचना बनाउने। क्षमताले अनुमति दिए सम्म सार्वजनिक पड़ाव स्थल समेत निर्माण गर्ने। सबै स्थानको पूर्वाधार निर्माण एउटै नमूना बनाउने र सो नमूना जनकपुरधाम उपमहानगरपालिकाले भाद्र महिना सम्म उपलब्ध गराउनेछ।

५१. मिथिला मध्यमा परिक्रमालाई थप प्रचार प्रसार गर्न सहलगानीमा वृतचित्र, संजाल नक्सा (Network Map), एक पड़ाव स्थल बाट अर्को पड़ाव स्थल जाने बाटोमा मार्गदर्शक चिन्ह (Signage Board), लगायतको निर्माण गरी जनकपुरधाम आउने दर्शनार्थी/तिर्थालुलाई दैनिक रुपमा परिक्रमा गराउन सकने अवधारणा अनुरुप कार्य अगाडी बढाइनेछ। सोको लागि Tour Package विकास गरिनेछ।

५२. धार्मिक, सांस्कृतिक, मेला चाँडपर्व अवसहरु व्यवस्थापन गर्न विशेष सरसफाई तथा घुम्ति शौचालय सञ्चालन गरिनेछ।

५३. रात्रीकालीन सौन्दर्यीकरणको लागि स्ट्रीट लाईट, फोग लाईट, फ्लायस लाईट, प्रोजेक्सन लाईट व्यवस्थापन गरिनेछ।

५४. जनकपुरधाममा प्रोजेक्सन म्यापिङ्ग सो, म्यूजिकल सो लगायतको विषयमा अध्ययन गरी व्यवस्थापन गरिनेछ।

५५. जनकपुरको माछालाई थप बजारीकरण गर्न नोचा पोखरीमा लाईभ फिसिङ्ग कर्नरको व्यवस्थापन गरिनेछ ।

५६. पर्यटन प्रवर्धनको लागि खुला पार्कहरुको व्यवस्थापन गरिनेछ र पर्यटन सूचना केन्द्रको सञ्चालनमा ल्याईनेछ ।

५७. जनकपुरधामको पर्यटन पूर्वाधारलाई थप व्यवस्थित बनाउन पर्यटकीय स्थलमा Water ATM, Information Kiosk, Mobile Toilet, Sanitary Pad Vending Machine लगायतका सुविधा थप गरिनेछ ।

५८. पर्यटकलाई रात्रीमा जनकपुरधाममा नै बसाई गराउन मिथिला नाट्य परिषद्को सहकार्यमा दैनिक रुपमा नाटकको प्रर्दशनको व्यवस्था मिलाइनेछ ।

५९. जनकपुरधामको जानकी मन्दिरलाई विश्व सम्पदा सूचिमा समावेश गर्न संघ तथा प्रदेश सरकारसंग सहकार्य गरी थप पहल गरिनेछ ।

६०. हाम्रो सम्पदा राम्रो सम्पदा कार्यक्रम, धार्मिक सांस्कृतिक परिपथको विकास गरी पर्यटन संजाल विस्तार गर्ने ।

६१. एक प्रदेश एक सांस्कृतिक ग्राम स्थापना गर्ने संघीय नीजिमा साझेदारी गरिनेछ ।

६२. Hospitality Training दिई होटेल व्यवासयलाई सीप मूलक तालिम प्रदान गरिनेछ ।

६३. पौराणिक, ऐतिहासिक, धार्मिक तथा सांस्कृतिक धरोहरहरुको संरक्षणका लागि अध्ययन अनुसन्धान, तिनका विषयमा राष्ट्रिय तथा अन्तरराष्ट्रिय स्तरमा सूचना प्रवाह तथा प्रचार प्रसार गर्न स्थापित जनकपुरधाम पर्यटन केन्द्रलाई थप सशक्त बनाइनेछ ।

६४. नगर क्षेत्रका रङ्गभूमि मैदान प्रदेश सरकारको सहकार्यमा पुर्ण रुपमा व्यस्थित गरिनेछ । धार्मिक तथा ऐतिहासिक पोखरीहरुको वृहत सरसफाई तथा पोखरीका डिलहरुको सौन्दर्यीकरण गर्दै रमणीय स्थलका रूपमा विकास गरिनेछ ।

६५. **'एक वडा एक पोखरी'** कार्यक्रम अन्तर्गत प्रत्येक वडामा न्यूनतम एउटा पोखरीको सरसफाई तथा सौन्दर्यीकरण गर्दै पर्यटकीय गन्तव्य तथा रमणीय स्थलको रूपमा थालनी भएको छ ।

६६. पर्यटकलाई सहज रुपमा सूचना प्राप्तीको लागि Visit Janakpurdham नामक Mobile Application सञ्चालनमा ल्याईएको छ ।

६७. नगरका सडक तथा सडकपेटीहरुमा जथाभावी रुपमा गरिने पार्किंग नियन्त्रण सुरक्षा निकायको सहयोगमा सफल भएको छ र आगामी दिनमा नगरका निजी खाली ठाउँहरु पहिचान गरी सुव्यवस्थित पार्किंगको व्यवस्था मिलाइने छ।

६८. नागरिक निर्बाध रुपमा पैदल हिंड्न मिल्ने गरी फुटपाथ व्यवस्थापन भएको छ। फुटपाथहरुमा राखिने सम्पूर्ण किसिमका व्यवसायिक पसल तथा निर्माण सामग्रीहरु नियन्त्रण गर्न प्रभावकारी कदम चालिनुका साथै दण्ड तथा जरिवाना समेत लगाईनेछ।

६९. आम नगरवासी तथा मेला हेर्न आउने पर्यटकको आवश्यकता अनुसारका क्षेत्रहरु पहिचान गरी सार्वजनिक शौचालयहरु स्थापना तथा घुम्ती शौचालय व्यवस्थापन गरिनेछ । ती शौचालयहरुको कुशल परिचालन सुनिश्चित गर्न निजी क्षेत्र समेतलाई आह्वान गरिनेछ।

७०. जानकी मन्दिरलाई केन्द्रमा राखेर आस्थाको महत्तम बिन्दुमा पुर्याउन जानकी मन्दिरको चारैतिर पैदल मात्र हिंडने व्यवस्था मिलाइनेछ। प्रस्तावित जानकी मन्दिर तथा विश्व सम्पदा कोरिडोरका भागहरुमा र पैदल हिंडने बाटोमा **'सीताराममय'** हुनेगरी वातावरण निर्माण गर्न मधुर ध्वनि गुन्जिने गरी प्रणाली व्यवस्थित गरिनेछ।

७१. जनकपुरधामलाई धार्मिक पर्यटकीय गन्तव्यको रुपमा विकास गर्न मूर्त तथा अमूर्त सम्पदाहरुको संरक्षण गर्नुका साथै जनकपुरधाम लाई विश्वसम्पदा सूचीमा लग्न युनेस्कोको मापदण्ड अनुसारको व्यवस्थापनका लागि आवश्यक कदम चालिनेछ।

७२. साथै पर्यटकीय नगरीको रुपमा जनकपुरधाम उपमहानगरपालिकालाई विकास गर्न लागि जानकी मन्दिर र राम मन्दिरको फोहोर व्यवस्थापन गर्न उपमहानगरपालिकाले सहयोग गरेको छ। तथापी जनचेतनाको कमि आवश्यकता देखिएको छ।

**भूमि व्यवस्था, सहकारी तथा वित्तीय सेवा**

७३. भूमि प्रशासनसम्बद्ध प्रविधि र प्रणालीमा स्तरोन्नति गरिनेछ । मालपोत र नापीसम्बन्धी आधारभूत सेवा स्थानीय तहबाटै एकीकृत रुपमा प्रदान गरिनेछ। सरकारी, सार्वजनिक र सामुदायिक जग्गाको स्रेस्ताबमोजिम विद्युतीय लगत तयार गरिनेछ । भौगोलिक सूचना प्रणालीमा आधारित वैज्ञानिक जग्गा मूल्याङ्कन पद्धतिको विकास गरी जग्गाको खरिद बिक्रीमा हुने मूल्यलाई पारदर्शी र यथार्थपरक बनाइनेछ। नापनक्सासम्बन्धी कार्यलाई थप व्यवस्थित र प्रविधियुक्त बनाइनेछ। लिजमा उपलब्ध गराइएका जग्गा उद्देश्यअनुरुप प्रयोग भए नभएको कडाइका साथ अनुगमन गरिनेछ।

७४. भू-उपयोग योजना तयार गरिनेछ । व्यावसायिक कृषि, पशुपालन र स्वदेशी कच्चापदार्थमा आधारित उद्योगलाई आवश्यक पर्ने जग्गाको उपलब्धलाई सरलीकृत गरिनेछ । बाँझो जग्गा उपयोगका लागि नीतिगत व्यवस्था गरिनेछ ।

७५. भूमि उपयोगविहीन रहने स्थिति अन्त्य गर्ने नीति अनुरुप सार्वजनिक वनक्षेत्र, सडक र राजमार्गका किनारा, नदी उकास र सार्वजनिक सरकारी जमिनमा फलफूल र अन्य बिरुवा हुर्काउने अभियान संचालन गरिनेछ ।

७६. उपयोगविहीन जग्गाहरुको पहिचान गरी लगत राखि सार्वजनिक पार्क तथा सार्वजनिक उपयोगका क्षेत्रमा प्रयोग गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।

**७७.** उपमहानगरपालिका भित्रका सम्भावित स्थानमा व्यवस्थित बस्ती विकास (ल्याण्ड पुलिङ) कार्यक्रम संचालन गरिनुका साथै एकीकृत शहरी विकास योजना तयार गरिनेछ । संघ र प्रदेशको सहकार्यमा जनता आवास कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

**७८.** उपमहानगरभित्र रहेका भूमिहीन तथा सुकुम्वासीको लगत संकलन कार्यको शुरुवात गरि बैज्ञानिक बसोवासको लागि पहल गरिनेछ ।

**७९.** उपमहानगरपालिका भित्र रहेका सार्वजनिक पर्ति जग्गा खोजबिन तथा अनधिकृत सार्वजनिक जग्गाको अतिक्रमणलाई कडाईका साथ रोकिनेछ ।

**८०.** जनकपुरधाम उपमहानगरपालिका भित्र रहेका सार्वजनिक, ऐलानी, पर्ती, गुठी तथा मालतर्फको सार्वजनिक जग्गाहरुको अभिलेखीकरण गरिनेछ ।

**श्रम, रोजगारी तथा गरिबी निवारण**

८१. बचत तथा ऋण सहकारीलाई उत्पादन तथा श्रम क्षेत्रमा केन्द्रित हुने व्यवस्था गरिनेछ ।

८२. युवा तथा उद्यमीहरुलाई नवीन व्यवसाय शुरु गर्न आवश्यक क्षमता विकास, प्रविधि हस्तान्तरण, वित्तीय पहुँचमा सहजीकरण र बजारीकरणका कार्यक्रमसंग क्रमश आबद्ध गराई रोजगारी अभिवृद्धिका कार्यक्रम संचालन गरिनेछ ।

**८३.** युवाहरुमा बढ्दै गइरहेको दुर्व्यसन, आक्रामकता, निर्णय लिन नसक्ने, कैरियर दिशा निर्देशका लागि के गर्दा राम्रो हुने भने अवधारणा अन्तर्गतका व्यवस्थापनका लागि मनोवैज्ञानिक परामर्श सेवाहरु (Counselling Centre) नेतृत्व विकास तालिम लगायतका कार्यक्रमहरु निर्माण गरि संचालनमा ल्याइनेछ ।

**८४.** प्रधानमंत्री रोजगार कार्यक्रमलाई थप प्रभावकारी बनाई कार्यान्वयन गरिनेछ ।

**८५.** रोजगारीका लागि विदेश जाने क्रम बढ्दो भएकोले सो क्रमलाई रोक्न स्थानीय स्तरमा रोजगारीका अवसरहरु सिर्जना गर्ने र विदेश जानै परेमा सीपमूलक तालिम प्रदान गरी दक्ष जनशक्ति तयार पारि सुरक्षित आप्रवासनको व्यवस्था मिलाइने छ ।

**सामाजिक**

**स्वास्थ्य तथा पोषण**

८६. आधारभूत एवं गुणस्तरीय स्वास्थ्य सेवामा उपमहानगरबासीको पहुँच सुनिश्चित गर्न स्वास्थ्यको सर्वव्यापी पहुँचको अवधारणा अनुसार सबै वडामा स्थापना भएका स्वास्थ्य संस्थाहरु थप सशक्त बनाइनेछ । नवजात शिशु, आमा र बालबालिकाको पोषण, प्रजनन स्वास्थ्य, सर्ने तथा नसर्ने रोगको रोकथाम, महामारी नियन्त्रण तथा सचेतना प्रवर्द्धनका कार्यहरुमा विशेष जोड दिइनेछ ।

८७. बालबालिका, महिला, जेष्ठ नागरिक, अपाङ्गता लगायत जोखिम समूहका व्यक्तिहरुलाई विशेष स्वास्थ्य कार्यक्रम संचालन गरिनेछ । उपमहानगरका विपन्न र अपाङ्गता भएका व्यक्तिहरुको नि:शुल्क स्वास्थ्य बीमा गरिने नीति अवलम्बन गरिनेछ ।

८८. सरकारी स्वास्थ्य संस्थाको विस्तृत अध्ययन गरिनेछ । सोही बमोजिम आवश्यकता बमोजिमको संगठन संरचना बनाई स्वास्थ्य क्षेत्रलाई आफैबाट सुव्यवस्थित तुल्याउन सुरुवात गरिनेछ ।

८९. विद्यालयमा विद्यार्थीहरुको स्वास्थ्य सुनिश्चित गर्न विद्यालय स्वास्थ्य शिक्षा कार्यक्रम संचालन गरिनेछ । उपमहानगरका सबै विद्यालयमा घुम्ती **स्वास्थ्य जांच कक्ष**को व्यवस्था गरिनेछ ।

९०. जोखिमयुक्त मेडिकल फोहोरको व्यवस्थापन तथा निर्मलीकरणका लागि सम्बन्धित स्वास्थ्य संस्था तथा अस्पतालहरुसंग आवश्यक सहकार्य गरिनेछ ।

९१. आयुर्वेद चिकित्सा प्रणाली मिथिला सभ्यता तथा सांस्कृतिकसंग जोडिएको हुंदा आयुर्वेद तथा वैकल्पिक चिकित्सा सेवा पुर्‍याउने नीतिलाई प्रोत्साहित गर्दै जडीबुटी पार्कको निर्माण तथा नगर स्तरीय आयुर्वेद उपचार केन्द्रको विकास गरिनेछ ।

९२. लामखुट्टे नियन्त्रणको लागि अध्ययन गरी वैज्ञानिक पद्धतिद्वारा व्यवस्थापन गरिनेछ ।

**शिक्षा, भाषा, कला तथा साहित्य**

९३. विद्यालयमा ल्याउने, सिकाउने, टिकाउने कार्यलाई प्रोत्साहनमूलक अभियान सहित अघि बढाउने । पढ्दै कमाउदै, कमाउदै पढ्दै कार्यक्रम ।

९४. "हाम्रो स्कुल, बनाऔँ राम्रो स्कुल अभियान अन्तर्गत विषयगत दक्ष शिक्षक दरबन्दीको व्यवस्था मिलाइनेछ ।

९५. कम्तीमा एक विद्यालयलाई स्मार्ट विद्यालय बनाई प्रविधिको माध्यमबाट पठन पाठन हुने व्यवस्था मिलाइनेछ ।

९६. सामुदायिक विद्यालयका शिक्षक, कर्मचारी तथा विद्यार्थीहरुको तथ्याङ्क सोही प्रणालीबाट अभिलेखिकरण गरिनेछ ।

९७. Open Learning School को अवधारणा अगाडी बढाईएको छ ।

**खानेपानी तथा सरसफाइ**

९८. वाटर रिचार्ज हुने गरी निर्माण गरेमा सम्बन्धित वडालाई रु. १० लाख थप विकास अनुदान दिइनेछ ।

९९. १२ फिट भन्दा कम मापदण्ड भएको सडकलाई सम्भव भए सम्म Interlocking Block लगाई निर्माण गरिन्छ जसले गर्दा Ground Water Recharge हुन सहज पुग्नेछ ।

**महिला, बालबालिका तथा सामाजिक समावेशीकरण**

१००. असहाय, बेवारिस तथा सडक सहयोगापेक्षी मानव उद्धार, उपचार व्यवस्थापनको लागि मानव सेवा आश्रमसँग निरन्तर रुपमा सहकार्य भैरहेको छ ।

१०१. सामाजिक समावेशी नीतिअनुरुप दलित, आदिवासी, जनजाति, पिछडावर्गको सशक्तीकरण र उत्थानका कार्यक्रम सञ्चालन गरिनेछ ।

१०२. विशेष संरक्षणको आवश्यकता भएका महिला, बालबालिका, ज्येष्ठ-नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरुको संरक्षणका लागि लागि संघीय तथा प्रदेश सरकारसँग सहकार्य गरिनेछ ।

१०३. टोल विकास संस्था स्थानीय शासनका साझेदार हुन् । यिनको क्रियाशीलताले स्थानीय सुशासनलाई प्रत्यक्ष रूपमा बल पुग्ने हुँदा टोलस्तरमा हुने सबै स्थानीय शासकीय गतिविधिमा टोल विकास संस्थाको औपचारिक सक्रियता सुनिश्चित गरिनेछ ।

१०४. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूसंग स्थानीय आवश्यकता अनुसार आमन्त्रण र सहकार्य गर्ने नीति लिइनेछ । साथै प्रभावकारी अनुगमन र नियमनमा जोड दिइनेछ । देशभित्र र देशबाहिरका सहरहरुसंग भगिनी सम्बन्ध कायम गरी साँस्कृतिक एवम् विविध पक्षबीच आदान-प्रदान गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

१०५. अपाङ्गता भएका व्यक्तिहरूको पहिचान र अधिकारलाई सुनिश्चित गर्दै अपाङ्गताको गम्भीर्यताको आधारमा अपाङ्गता परिचय-पत्र वितरण गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

१०६. उपमहानगरभित्र जन्मिएका बच्चाहरुको जन्मदर्ता गर्दा बालस्वास्थ्य खोपकार्डको आधारमा गरिनेछ र प्रत्येक बालबालिकाको पहिचानलाई सुनिश्चत गर्दै जन्मदर्ता अभिलेखको आधारमा विद्यालय भर्ना गर्ने नीति लिइनेछ ।

१०७. तेस्रो लिङ्गीहरुको पहिचान संरक्षण गरी सीपमूलक कार्यहरुमा लगाइनेछ ।

१०८. उपमहानगरका सबै वडाहरुमा सामाजिक विकृति एवं विसङ्गति तथा लागू पदार्थ दुर्व्यसन नियन्त्रण गर्न स्थानीय सुरक्षा निकायबीच सहकार्य गरि नियन्त्रण गरिनेछ ।

१०९. बहु क्षेत्रीय पोषण कार्यक्रमलाई प्राथमिकिकरणमा राखि किशोरी अवस्था देखिनै खानपान तथा स्वास्थ्यको हेरचाहमा ध्यान दिन विभिन्न किसिमका चेतनामूलक कार्यक्रमहरु संचालन गरिनेछ ।

**युवा, खेलकुद तथा नवप्रवर्त्तन**

११०. रामजानकी अन्तराष्ट्रिय बहुउद्देश्यि रंगशाला निर्माण गर्न संघ तथा प्रदेश सरकार संग सहकार्य गरिनेछ ।

१११. खेलकुदलाई राष्ट्रको पहिचान, गौरव र प्रतिष्ठा बढाउने माध्यमको रुपमा विकास गर्दै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका खेलकुद प्रतियोगिता आयोजना गर्न दिइनेछ । अन्तराष्ट्रिय स्तरका खेलकुद प्रतियोगितामा पदक हासिल गर्ने खेलाडीहरुलाई प्रोत्साहन एवं पुरस्कृत गरिनेछ ।

११२. प्रारम्भिक बाल शिक्षा केन्द्रका बालबालिकाको समतामूलक पहुँच सुनिश्चित गर्न आवश्यक स्रोतसाधन उपलब्ध गराइनेछ ।

११३. सामुदायिक विद्यालयमा इन्टरनेट र प्रविधिको माध्यमबाट शिक्षण-सिकाई गर्न शिक्षकलाई प्रोत्साहित गरिनेछ। सम्पूर्ण विद्यालयलाई इन्टरनेट जडान गरिनेछ। अध्ययन अध्ययापनका साथै EIMS लगायतका विवरण सोही प्रणालीमा जडान गरिनेछ।

११४. **'एक वडा एक खेलमैदान र एक विद्यालय एक खेल मैदानको'** अवधारणा अनुसार खेल पूर्वाधार विकासको कार्य अगाडि बढाइनेछ।

११५. अन्तर्राष्ट्रिय, राष्ट्रिय, प्रदेशस्तरीय खेलमा पदक जित्ने उपमहानगरमा बसोवास भएका खेलाडीहरुलाई पुरस्कृत गरिनेछ।

११६. उपमहानगरपालिकाले प्रत्येक वर्ष **'मेयर कप'** आयोजना गर्नेछ।

११७. उपमहानगरपालिकाले खेलकूदलाई प्रोत्साहन गर्न एक प्रदेश स्तरीय रंगशाला निर्माण गर्ने नीति अबलम्बन गरिनेछ।

११८. पालिकाले एक वार्ड एक मोडेल विद्यालय स्थापना गर्ने नीति अनुरुप ५ बर्षभित्र सबै वडामा कम्तीमा एउटा मोडेल मातृविद्यालय स्थापना हुने र यसको थालनी पहिलो बर्ष देखि नै गरिहाल्ने नीति लिइनेछ।

११९. यसै वर्ष स्थानीय पाठ्यक्रम बनाउनलाई आवश्यक कदम चालिनेछ । मिथिलाका संस्कृतिलाई मूलमर्म ठानेर यहाँका गौरवका कथाहरु हाम्रा पुर्खाहरु हाम्रा शहीदहरु लोकपात्रहरु बारे विशेष केन्द्रीकरण गरेर विभिन्न किसिमका जनचेतनामूलक प्रतियोगिताहरु संचालन गरिनेछ।

१२०. अतिरिक्त क्रियाकलाप तथा सांगीतिक प्रतियोगिताहरु संचालन उपर बालबालिकाहरुका सिर्जनात्मक प्रतिभा प्रस्फुटनका लागि प्रत्येक विद्यालयमा कम्तीमा महिनाको एक पटक यस्ता कार्यक्रम आयोजना गरी शैक्षिक व्यक्तित्वहरुलाई विशेष आमन्त्रित गरी कार्यसम्पादन गरिनेछ।

१२१. **'उपमेयर संग बालबालिका कार्यक्रम'** द्वारा प्रत्येक महिना उपमहानगरपालिकाका लक्षित विद्यालय संग उपमेयरले अनलाईन वा विद्यालय पुगेर पठनपाठनमा देखिएका कमीकमजोरी र जटिलता हटाउन प्रत्यक्ष अन्तरक्रिया गर्ने र बालबालिकाहरु मार्फत उठाइएका सवालहरु सम्बोधन गरी जनमुखी शिक्षाको प्रत्याभुति दिने नीति अवलम्बन गरिनेछ।

**सामाजिक सुरक्षा तथा पञ्जीकरण**

१२२. व्यक्तिगत घटना दर्ता अन्तर्गत जन्म दर्ता, विवाह दर्ता, मृत्यु दर्ता, बसाई सराई, सम्बन्ध विच्छेद जस्ता घटना दर्ता अन्तराष्ट्रिय परिवेशलाई मध्यनजर गरी अनलाईन माध्यमबाट संचालनमा ल्याईनेछ।

१२३. पिछडा वर्ग, सीमान्तकृत समुदाय, आदिवासी जनजाति, दलित लगायत विपन्न र पिछडिएका बस्तिहरुमा स्थलगत रुपमा नै व्यक्तिगत घटना दर्ता गर्न टोली खटिनेछन्। साथै प्रत्येक वडामा व्यक्तिगत घटना दर्ताका लागि घुम्ती शिविर सञ्चालन गरिनेछ।

**पूर्वाधार**

**भवन, आवास तथा बस्ती विकास**

**१२४.** भवनको नक्सा पास प्रकृयालाई सरल, सहज र पारदर्शी बनाउन अनलाइन मार्फत मात्र नक्सा दर्ता प्रक्रिया शुरु गरिएको, विद्युतीय भवन अनुमति प्रणाली (Electronic Building Permit System) लाई श्रावण महिनाबाट लागु गरिनेछ।

**१२५.** नेपाल सरकार, सहरी विकास मन्त्रालय अन्तर्गत सहरी विकास तथा भवन निर्माण विभागबाट संशोधन गरी जारी गरिएको नेपाल राष्ट्रिय भवन संहिता, २०७७ (Nepal National Building Code-Seismic Design of Building in Nepal-NBC105-2020) पूर्ण रुपमा कार्यान्वयनमा ल्याइनेछ।

**१२६.** वडा नं. ४ स्थित अतिथि गृह रहेको स्थानमा सार्वजनिक निजी साझेदारीमा अत्याधुनिक पर्यटकीय पुर्वाधार निर्माण गरि सञ्चालनमा ल्याइनेछ।

**सडक, पुल तथा यातायात**

१२७. चैत्र मसान्त सम्म निर्माण कार्य सम्पन्न गर्ने वडालाई रु. १० लाख प्रोत्साहन स्वरुप थप निकास

१२८. उपमहानगरपालिकाले सञ्चालन गरेका अधुरा योजनालाई प्राथमिकतामा राखि कार्यान्वयनमा ल्याउनेछ।

१२९. निर्माण कार्य गुणस्तरीयताका लागि बोलपत्र प्रक्रियाबाट र उपभोक्ता समितिबाट निर्माण हुने आयोजनाहरुको ल्याब परीक्षण र अनुगमन कार्यलाई प्रभावकारी बनाईएको छ।

१३०. उपमहानगरका मुख्य सडकहरु बजार क्षेत्रहरुमा तथा चोकहरुमा सडक बत्ती जडानको कार्य तिव्रता दिइनेछ। रात्रीकालीन Light Decoration गराईनेछ।

१३१. उप-उपमहानगरपालिका लागि तय भएको बस्ती विकास तथा भवन निर्माण मापदण्डलाई समसामयिक परिमार्जन गरी कार्यान्वयनमा ल्याइनेछ।

१३२. सडकमा अनुचित ढगंबाट राखिएका निर्माण सामग्रीका कारण आवागमनमा अवरोध गर्ने र दुर्घटना हुने हुँदा त्यस्तो गर्ने व्यक्ति तथा निर्माण व्यवसायीलाई कारवाहीको दायरामा ल्याइनेछ।

१३३. योजना Project Bank तयारी गरिनेछ। राष्ट्रिय आयोजक र सोको आधारमा मात्रै परियोजनामा बजेट माग तथा विनियोजन प्रकृया थालनी गरिनेछ।

१३४. पूर्वाधार विकासको कार्यलाई व्यवस्थित गर्न आगामी वर्ष संचालन गरिने संभावित ठूला आयोजनाहरुको "**परियोजना बैंक**" तयार गरिनेछ।

१३५. वडास्तरीय आयोजनाहरुको रकमान्तर र कार्यक्रम संशोधन नगर्ने र अति आवश्यक भएको अवस्थामा सम्बन्धित वडाको सिफारिसमा कार्यपालिकाले निर्णय गरेबमोजिम मात्र हुनेगरी व्यवस्था मिलाइनेछ।

१३६. उपमहानगर भित्रका सबै सडकको नामाकरण गरी **वैज्ञानिक घर नम्बर वितरण** गर्ने कार्यको अध्ययन प्रारम्भ गरिएको छ।

१३७. शहरी क्षेत्रमा बसोवास गर्ने नागरिकहरुलाई शारीरिक व्यायामका लागि सार्वजनिक स्थलहरुमा आधुनिक खुल्ला व्यायामशाला स्थापना गर्ने कार्यको प्रारम्भ भएको छ र यसलाई निरन्तरता दिइनेछ।

१३८. भवन निर्माण गर्दा अनिवार्य रुपमा कम्पाउण्डवालको नक्सापास गर्ने नीतिलाई निरन्तरता अपनाइनेछ।

१३९. भानुचोकमा निर्माणाधीन सेवा प्रवाह भवनको निर्माण सम्पन्न गरी त्यहाँबाट उपमहानगरपालिकाका विस्तारित सेवाहरु प्रदान गरिनेछ।

१४०. दीर्घिकासर पोखरी सौन्दर्यीकरण र उज्यालो जनकपुर कार्यक्रमलाई निरन्तरता दिइनेछ।

१४१. नगर क्षेत्रका भवनहरुको अग्र भागमा केसरिया रंग लगाउने विगतको नीतिलाई निरन्तरता दिइनेछ।

## जलश्रोत, विद्युत तथा स्वच्छ ऊर्जा

१४२. नविकरणीय उर्जा प्रवर्द्धन गर्ने विद्युतीय चुलालाई प्रोत्साहन गर्ने सरकार तथा गैर सरकारी संस्था सहलगानीमा सहकार्य गरिनेछ।

१४३. इलेक्ट्रीक भेहिकल चार्जिङ्ग स्टेशनको व्यवस्थापन गरिनेछ।

१४४. कृषि विद्युतीयकरणको व्यवस्थापन गरिनेछ।

## सूचना तथा सञ्चार प्रविधि

१४५. सूचना प्रविधिमा सबै वडा कार्यालय स्वास्थ्य संस्थालाई जोड्दै क्रमशः विद्यालयहरुलाई समेत एकीकृत गरिनेछ।

१४६. पत्रकार महासंघ तथा पत्रकार सम्बद्ध संघ-संस्थाको व्यवसायिक क्षमता विस्तार र सशक्तिकरणका लागि आवश्यक सहयोग गर्ने नीति लिइनेछ।

१४७. जनकपुरधाम उपमहानगरपालिकालाई सूचनामैत्री बनाई स्थानीय सञ्चार माध्यमहरुको विकास र प्रवर्द्धन गरिनेछ। स्थानीय पत्र-पत्रिका, रेडियो, टेलिभिजन तथा अनलाइनहरुलाई थप व्यवस्थित, विश्वसनीय र प्रतिष्पर्धी बनाइनेछ।

१४८. सेवा-प्रवाहका हरेक क्षेत्रमा प्रविधिको विकास तथा विस्तार गरी E-Governance लाई तीव्रता दिइएको छ।

१४९. उपमहानगरका विभिन्न तथ्य तथ्यांकलाई डिजिटल प्रविधिमा प्रविष्ट गरी नीति निर्माण तथा शासकीय कार्यहरुलाई सरल बनाउने अभिप्रायले स्मार्ट सिटी मास्टर प्लान बनाई Digital Janakpur अवधारणा अघि सारिनेछ।

१५०. उपमहानगरपालिकाको आफ्नै सर्भरमा तथ्यांक राखी यसको संरक्षण गर्न उपयुक्त सर्भर खरिद गर्नुका साथै डाटा, एप्लिकेशन, सफ्टवेयर तथा साइबर सुरक्षाको प्रबन्ध मिलाइनेछ।

१५१. उपमहानगरलाई सुरक्षित र प्रविधियुक्त बनाउन स्थानीय प्रशासन तथा निजी क्षेत्रको सहकार्यमा सहरका मुख्य स्थानहरुमा सिसिटिभि क्यामेरा राखिनेछ।

१५२. यस उपमहानगरपालिकाका सम्पूर्ण वडा कार्यालय, स्वास्थ्य संस्था तथा सामुदयिक विद्यालयमा पूर्ण रुपमा ई-हाजीरी तथा CCTV Monitoring प्रणाली लागु गरिनेछ।

## वन तथा वाताबरण

## वन, भू-संरक्षण तथा जैविक विविधता

१५३. समृद्धिका लागि वन कार्यक्रम कार्यक्रम संचालनमा ल्याएकोले यसलाई आगामी दिनमा पनि निरन्तरता दिईनेछ ।

१५४. Aquatic and Terrestrial Ecosystem लाई संरक्षण तथा प्रवर्धन गर्ने कार्यक्रम ल्याईनेछ ।

## वातावरण संरक्षण तथा फोहोरमैला व्यवस्थापन

१५५. सरसफाई सम्बन्धी उत्कृष्ट काम गर्ने वडाहरुलाई वार्षिक बजेटमा रु. १० लाख थप विकास अनुदान दिइनेछ ।

१५६. फोहोर मैला संकलन गर्ने सम्पूर्ण जिम्मा वडालाई नै जिम्मा दिइनेछ ।

१५७. स्थानीय तहहरुलाई फोहोरमैला व्यवस्थापन र बहुउपयोगका लागि आवश्य प्राविधिक सहयोग गर्ने ।

१५८. तीनै तहका सरकारको समन्वयमा सरसफाई स्वच्छता कार्यक्रमलाई राष्ट्रिय अभियानको रुपमा सञ्चालन गरिनेछ । नदीनाला तथा पानीको स्रोतलाई प्रदूषणमुक्त राख्न फोहोर पानी प्रशोधन प्रणालीको विकास र विस्तार गरिनेछ ।

१५९. चुरे, तराई र मधेशमा नदी प्रणालीमा आधारित एकीकृत स्रोत व्यवस्थापन र संरक्षणका क्रियाकलापहरु थप प्रभावकारी रुपमा सञ्चालन गरिनेछ । प्रत्येक प्रदेशको कम्तीमा एक नदी प्रणालीमा नमूना एकीकृत संरक्षण कार्यक्रम सञ्चालनको सम्भाव्यता अध्ययन गरिनेछ ।

१६०. प्लाष्टिक झोला प्रतिस्थापन गरी स्वदेशी कागजको झोला उत्पादन तथा प्रयोगलाई अभियानको रुपमा संचालन गर्ने ।

१६१. ४० माईक्रोन भन्दा कमको प्लाष्टिक पूर्ण रुपमा बन्द गरिनेछ ।

१६२. कार्यविधिलाई कार्यान्वयनमालाई फोहोरको वैज्ञानिक व्यवस्थापन गरी फोहोर व्यवस्थापनमा जनसहभागिता अभिवृद्धि गर्न दण्ड पुरस्कार प्रणालीलाई व्यवहारमा लागू गरिनेछ ।

१६३. जनकपुरधामको नगर क्षेत्र र ग्रामीण क्षेत्रको सरसफाईलाई वैज्ञानिक तथा व्यवस्थित ढंगले संचालन गरिनेछ ।

१६४. यस आर्थिक वर्षभित्र नगर क्षेत्रमा एक फोहोर प्रशोधन केन्द्र (Waste Processing Zone) स्थापनाको कार्य प्रारम्भ गरिनेछ। नगरका विभिन्न स्थानमा साना साना फोहोर संकलन केन्द्र राखिनेछ तथा फोहोर संकलन केन्द्रबाट फोहोर मैला प्रसोधन केन्द्र सम्म पुऱ्याउने व्यवस्था गरिनेछ।

१६५. फोहोर व्यवस्थापनमा चाहिने आवश्यक उपकरण तथा जनशक्ति परिचालन गरिनेछ। कुहिने तथा नकुहिने फोहोर छुट्याउने प्रविधि मार्फत घरेलु कार्यमा प्रयोग हुने उर्जा तथा कम्पोस्ट मल उत्पादन गरी कृषि कार्यमा प्रयोग गरिनेछ । फोहोरलाई स्रोतमा नै छुट्याउन नागरिकस्तरमा जनचेतना कार्यक्रम गरिनेछ तथा टोल विकास संस्थाहरुलाई सक्रिय गरिनेछ । फोहोर मैला व्यवस्थापनमा सहयोग नगर्नेलाई दण्ड, सजाय जरिवाना तथा सहयोग गर्नेलाई पुरस्कार तथा सम्मानको अवधारणा ल्याइएको छ।

१६६. फोहोरमैला व्यवस्थापनमा सार्वजनिक निजी साझेदारीको नीतिलाई अवलम्बन गर्दै निजीक्षेत्रलाई आकर्षित गरिनेछ।

१६७. जनकपुरधाममा बर्षौं देखि विकराल समस्याको रुपमा रहेको लामखुट्टेको नियन्त्रण गर्न सकिएको छैन। यसका लागि विशेषज्ञको परामर्श लिई आवश्यक नियत्रणका उपायहरु खोजी गरि कार्यान्वयन गरिनेछ।

१६८. नगरका सम्पूर्ण वडालाई फोहोर व्यवस्थापन कार्यमा सक्रिय बनाउन प्रत्येक वडामा फोहोर संकलन गर्ने, सवारी साधन, जनशक्ति तथा स्रोत उपलब्ध गराइनेछ।

१६९. चालिस म्याक्रोन भन्दा पातलो प्लाष्टिक झोलालाई पूर्णरुपमा प्रतिबन्ध गरिनेछ।

१७०. संघीय खानेपानी तथा ढल व्यवस्थापन आयोजना संग लागत साझेदारी गरी जनकपुर सरसफाई तथा पोखरी संवृद्धि आयोजना एवं जनकपुर ड्रेनेज योजनालाई पूर्ण कार्यान्वयनमा लगिनेछ। फिकल स्लज (फोहोर लेदो) Treatment Plant उपयुक्त स्थानमा राख्न जग्गा उपलब्ध गराइनेछ।

१७१. अस्पताल तथा विभिन्न स्वास्थ्य संस्थाहरुबाट निस्कने मेडिकल वेस्टको व्यवस्थापनका लागि निजी क्षेत्रसंग सहकार्य गरिनेछ । फोहोरको निर्मलीकरण तथा व्यवस्थापन गर्ने उपकरणको व्यवस्था मिलाइनेछ।

१७२. वातावरण तथा प्रविधिमैत्री यातायात व्यवस्थापन गर्न विद्युतीय सवारी साधनको प्रयोगलाई प्रोत्साहन गरिनेछ।

१७३. जनकपुरको हेरिटेज रुट कोरिडोरलाई हरियाली तथा सौन्दर्यीकरण गरी प्रवर्द्धन गरिनेछ।

१७४. जनकपुरधामलाई नेपालको **'सांस्कृतिक राजधानी'** घोषणा गर्न नेपाल सरकार संग पहल गरिनेछ।

## विपद् जोखिम व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकूल

१७५. सबै वडा कार्यालयहरुमा विपद् व्यवस्थापनका आधारभूत सामग्री भण्डारणको व्यवस्थालाई थप प्रभावकारी बनाइनेछ।

१७६. **विपद् र विकासमा युवा परिचालन**को नीतिलाई निरन्तरता दिइनेछ।

१७७. नेपाल सरकार संग सहकार्य गरी विपदका बेला आश्रय दिनका लागि दुई हजार व्यक्ति अट्ने आश्रय स्थल निर्माणको नीति लिइनेछ।

१७८. विपद् पूर्व तयारिको लागि भूकम्प तथा बाढीबाट बच्ने उपायको विषयमा Simulation Exercise गरिएको छ र सो विषयमा वडामा समेत सचेतना गराइनेछ।

## सुशासन तथा संस्थागत विकास

## नीति, कानून, न्याय तथा सुशासन

१७९. उपमहानगरबाट सम्पन्न हुने आर्थिक क्रियाकलापमा वित्तीय जोखिम न्यूनीकरणका उपाय अवलम्बन गरिनेछ।

१८०. रंगभूमी मैदान (१२ विघा) व्यवस्थापन गर्न प्रदेश सरकार संग समन्वय गरी व्यवस्थापन गरिनेछ।

१८१. निर्माण हुने कार्यको सम्बन्धित सबै पक्षको विश्लेषण नगरी ठेक्का दिएको कारणबाट तोकिएको समय, लागत, गुणस्तरसहितको कार्यसम्पादन नभएमा प्राविधिक मूल्यांकनकर्ता, पदाधिकारी, उपभोक्ता समिति तथा अन्य जिम्मेवार कर्मचारीलाई कानून अनुसार दण्ड दिने तथा आवश्यक क्षतिपूर्ति भराउने नीति अवलम्बन गरिनेछ।

१८२. उपमहानगरपालिकाले प्रदान गर्ने सेवा प्रवाह, आर्थिक व्ययभार र भूगोलसमेतलाई विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्वेक्षण परिमार्जन कार्य गरिनेछ।

१८३. उपमहानगरका कार्यहरुबारे असन्तुष्टि तथा गुनासो सम्बोधन गर्न गुनासो सुन्ने संयन्त्र **'हेलो मेयर'** संचालनमा ल्याइनेछ ।

१८४. सूचना लिने दिने प्रणाली लाई थप व्यवस्थित गरी जनताको कार्य कहिले सम्म हुन्छ स्पष्ट जानकारी दिइने गरी प्रविधि मैत्री प्रशासन संचालन गरिनेछ ।

१८५. न्यायिक समितिका निर्णयहरुलाई व्यवस्थित अभिलेखीकरण गरी छिटो न्याय सुनिश्चित गरिनेछ ।

**सङ्गठन तथा क्षमता विकास, जनशक्ति व्यवस्थापन र सेवा प्रवाह**

१८६. क्षमता विकासका लागि विभिन्न सरकारी तथा गैर सरकारी संस्था संग समन्वय गरी श्रोत साधन परिचालन गरिनेछ ।

१८७. कार्यालयमा आउने सेवाग्राहीलाई स्तनपान कक्षको व्यवस्था मिलाईनेछ । तथा बालबालिकाको लागि रमणिय उद्यानको व्यवस्था गरिनेछ ।

**राजस्व तथा स्रोत परिचालन**

१८८. सरकारी कार्यालयहरुमा विद्युतीय सवारी साधन खरीद गर्ने नीति प्रमुख शहरहरुमा विद्युतीय गरी आवास, विशेष पाई र उद्यान निर्माण गर्ने ।

१८९. ३० लाख सम्मको करदातालाई सम्पत्ति करमा विगतमा लिईरहेको दर भन्दा ३४ प्रतिशत ले छुट दिइनेछ । साथै त्यसपछिको २० लाख मूल्य पर्ने सम्पत्तिमा १ प्रतिशत कर छुट दिइने कार्यलाई निरन्तरता दिईनेछ ।

१९०. आर्थिक वर्षको प्रथम ३ महिनाभित्र सम्पत्ति कर तथा व्यवसाय कर बुझाउने करदातालाई महिलाको हकमा १० प्रतिशत छुट र पुरुषको हकमा ५ प्रतिशत कर छुट दिइने छ ।

१९१. आन्तरिक राजस्वको दायरा र आधारलाई फराकिलो बनाउंदै जाने नीति लिनुका साथै राजस्वका स्रोत बढाउन सघन कार्यक्रमहरु संचालन गरिनेछ । यस उपमहानगरपालिकाको राजस्व प्रणालीलाई संघीय राजस्व व्यवस्थापन प्रणाली (Revenue Management Information System – RMIS) मा आबद्ध गरिनेछ ।

१९२. दिगो र भरपर्दो आय स्रोतहरुबाट राजस्व संकलन तथा समुचित परिचालन गरि समृद्ध उपमहानगर निर्माणमा टेवा पुग्ने भएकोले उपमहानगरपालिका क्षेत्रको करको दायरामा नपरेका व्यक्ति, संघ संस्था, व्यवसायहरुलाई करको दायरामा ल्याइनेछ ।

१९३. हालको कर प्रणालीलाई पूर्णरूपमा कम्प्युटरबाट स्वचालित गराई अनलाईन माध्यमबाट तथा मोबाईल एपबाट कर तिर्ने प्रणाली स्थापित गरिनेछ । साथै, करदाता शिक्षालाई प्राथमिकता दिइने छ ।

१९४. लक्ष्यमा आधारित उत्प्रेरणा एवं राजस्व अभिवृद्धि प्रोत्साहन मापदण्ड तयार गरी लागू गरिनेछ ।

## तथ्याङ्क प्रणाली, योजना र विकास व्यवस्थापन

१९५. अनलाइन सेवाहरु वडाबाटै उपलब्ध गराउने ।

१९६. सबै वडाबाट अनलाइन व्यक्तिगत घटना दर्ता कार्यान्वयनमा ल्याउने छ ।

१९७. राहदानी र राष्ट्रिय परिचयपत्रको सेवा समयमै उपलब्ध गराउने छ ।

१९८. हरेक वडामा गुनासो सुनुवाई केन्द्र तथा मोबाइल गभर्नेन्सको व्यवस्था गर्ने छ ।

**आदरणीय महानुभावहरु,**

अन्त्यमा, दशौँ नगर सभामा सहभागी हुनुभएका प्रमुख अतिथिज्यू, विशिष्ट अतिथिज्यू, उप-प्रमुखज्यू, प्रमुख प्रशासकीय अधिकृतज्यू, सम्पूर्ण वडा अध्यक्ष एवम् सदस्यज्यूहरु, कार्यपालिका सदस्यज्यूहरु, नीति तथा कार्यक्रम निर्माणमा खटिनुभएका कर्मचारी साथीहरु, राष्ट्रसेवक, निजी, सहकारी र सामुदायिक क्षेत्र, श्रमिक वर्ग, नागरिक समाज, विकास साझेदार, संचारजगत एवम् दशौँ नगर सभा सम्पन्न गर्न सहयोगी सबैलाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

**धन्यवाद ।**

**मनोज कुमार साह**

**नगर प्रमुख**